A Quarterly Publication of Press Council Nepal

# संहिता

**SAMHITA**

प्रेस काउन्सिल नेपालको त्रैमासिक प्रकाशन
असार, २०७८ । अङ्क ४९

स्वच्छ, स्वस्थ, स्वतन्त्र, मर्यादित पत्रकारितामैत्री
प्रेस काउन्सिल नेपाल

**प्रधान सम्पादक**
बालकृष्ण बस्नेत

**सम्पादक**
दुर्गा भण्डारी पौडेल

**प्रबन्ध सम्पादक**
दीपक पाण्डे

**सम्पादन मण्डल**
गणेशप्रसाद पोखरेल
ठाकुरप्रसाद बेलबासे
हरिप्रसाद जोशी
झबिन्द्र भुसाल
दीपक खनाल

**आवरण/ले-आउट**
शिव वि.क (मिलन)

प्रकाशक : प्रेस काउन्सिल नेपाल
पो.ब.न.: ३०७७, सञ्चारग्राम, तिलगङ्गा, काठमाडौं, नेपाल
फोन : ९७७-१-४११२७९९, ४११२६७८, फ्याक्स : ९७७-१-४११२६९४
इमेल : pcn2027writing@gmail.com
वेबसाइट : www.presscouncilnepal.gov.np
मुद्रण : सिएनएन अफसेट प्रेस
प्रकाशित मिति : २०७८ साउन १७ गते

# विषयसूची


| शीर्षक | | पृष्ठ |
|---|---|---|
| | सम्पादकीय | |
| १) | कोभिड-१९ र मिडियाको नैतिक दायित्व : डा. कुन्दन अर्याल | १ |
| २) | मर्यादित र जिम्मेवार पत्रकारिता : आजको आवश्यकता : गोपाल बुढाथोकी | १५ |
| ३) | कोरोना कहरमा पत्रकारलाई कसले हेर्ने ? : डा. सुरेश आचार्य | २२ |
| ४) | महामारीको सूचनामा आचारसंहिताको पालना : एकराज पाठक | ३१ |
| ५) | साहित्यिक पत्रकारिता : अभावदेखि कोरोना कहरसम्म : चेतनाथ धमला | ३८ |
| ६) | कोभिडको मारमा पत्रकारिता : शरद अधिकारी | ४६ |
| ७) | कोभिडको जोखिममा जिल्लाका पत्रकार : चिरञ्जीवी मास्के | ५२ |
| ८) | विपद् पत्रकारितामा उठेका प्रश्न : डा. श्रीराम खनाल | ५६ |
| ९) | कोरोनाको प्रहारमा परेका पत्रकार : लक्की चौधरी | ६३ |
| १०) | सङ्कटमा बढेको जिम्मेवारी : रामकृष्ण भण्डारी | ६९ |
| ११) | कोरोना भाइरसभित्र जकडिएको पत्रकारिता क्षेत्र : हरि लम्साल | ७६ |
| १२) | संरक्षणको पर्खाइमा मोफसलका सञ्चारमाध्यम : माधव विद्रोही | ८२ |
| १३) | श्रमजीवी पत्रकारका लागि महासङ्कट : यम विरही | ८६ |
| १४) | उधारोमा चलेको पत्रकारको जीवन : टेकराज अवस्थी | ९६ |
| १५) | सञ्चार माध्यमको मपाइँत्व ! : निर्मला आचार्य | १०० |
| १६) | बहुपति प्रथा र परिवर्तनमा सञ्चारको भूमिका : गणेश पाण्डे | १०४ |
| १७) | कोरोना कहर, पत्रकार र युट्युबर : शन्तराम बिडारी | ११७ |
| १८) | कोभिडले थलिएको अर्थतन्त्र र पत्रकारिता : उद्धव सिलवाल | १२४ |
| १९) | विपद्को रक्षाकवच बन्दै पत्रकार : टिकाराम सुनार | १३२ |
| २०) | महामारीमा सूचना : निगरानीमा सञ्चारकर्मी : मोतीराम तिमल्सिना | १४२ |

२१) कोरानापछि बदलियो समाचारप्रतिको दृष्टिकोण : हिमाल गैरे १४७
२२) कोरोना काल, पत्रकार बेहाल : कृष्ण आचार्य १५२
२३) कोरोनामा पत्रकार : आर्थिक र सामाजिक पाटो : रामप्रसाद दाहाल १५८
२४) रिर्पोटिङको भोक : परिवारमा शोक : जीवन लामा १६३
२५) कोरोना महामारी र आचारसंहिता : प्रेमराज सिलवाल १६७
२६) 'पहल'कारिता कि पत्रकारिता ? : सुन्दर शिरीष १७३
२७) कोरोना सङ्क्रमितको पछि लाग्दा... : अशोक दुलाल १७८
२८) सामाजिक सञ्जालदेखि डराउने पत्रकार : सरिता दाहाल १८१
२९) कोभिड महामारीमा सूचनाको बमबारी : प्रेम विश्वकर्मा १८६
३०) सङ्कटमा सञ्चारकर्मी : बालकृष्ण अधिकारी १९२
३१) पत्रकारलाई विशेष राहत : वीणा सिन्हा १९७
३२) जीवनभर पत्रकार : रोग लाग्दा छैन उपचार : कान्ति न्यौपाने २००
३३) कोरोनापछि थपिएको ऊर्जा : रेजिना गौतम २०४
३४) कोरोनामा पत्रकारिता : सम्झना पौडेल २०९
३५) महामारीमा संवेदनशील हुन नसकेको सञ्चार : कृष्ण ओली २१४
३६) फ्रन्टलाइनमा पत्रकार : छैन सरोकार : दुर्गालाल केसी २२१

# सम्पादकीय

# मिडियाको रचनात्मक भूमिका खोजी

अहिले संसारभरि नै कोरोनाको कालो बादल मडारिइरहेको छ। नेपालमा पनि महामारीको जोखिम रहिरहेकै छ । कोरोनाविरुद्धको खोप नलगाउने नागरिकको हिस्सा पनि ठुलो छ । कोरोना भाइरसको प्रभाव छिट्टै कम होला जस्तो पनि छैन । खोप सबै नागरिकको पहुँचमा पुऱ्याउन बाँकी नै छ । मुलुकको आर्थिक व्यवस्था सन्तोषजनक छैन। व्यापार घाटा बढेको छ। आर्थिक वृद्धिदर घटेको छ। सबै पेसा र व्यवसाय चिन्ताजनक अवस्थामा छन्। अहिले बढी जोखिममा परेको क्षेत्रमा पत्रकारिता परेको छ। क्षणक्षणमा नयाँ-नयाँ सूचना सन्देश प्रवाह गर्नुपर्ने पत्रकारितालाई कोभिडले झनै खुम्च्याएको छ। केही कर्पोरेट मिडिया हाउसलाई छोडेर अधिकाङ्श साना लगानीका स्वरोजगार मिडियाहरू थला परेका छन् । ठुला मिडिया, मझौला खालका मिडिया र स्वरोजगार मिडिया अस्तित्वमा छन् । मिडियाको विविधपनाले सूचना सम्प्रेषणमा सन्तुलन कायम गरेको पाइन्छ । जसबाट नागरिकले सत्य, तथ्य र निष्पक्ष सूचना पाउनबाट वञ्चित हुनुपरेको छैन। पुँजीवादले जन्माएको उपभोक्तावादी संस्कारमा पेसागत धर्म र मर्यादालाई बिर्सिएर गर्न नहुने काम पनि भएका छन् ।

मिडियामा आउने केही विषयवस्तु नियतवश ल्याइएको पाइन्छन्। नियतवश ल्याइने त्यस्ता भ्रमपूर्ण समाचारले नागरिकको चेतना दोहन गर्ने काम भएको छ। केही मिडियाहरू सत्य, तथ्य, निष्पक्ष र सन्तुलित समाचार दिनुपर्ने दायित्वबाट समेत विमुख भएको पाइन्छ । यतिबेला राज्यले कोभिड महामारी नियन्त्र गर्न मिडियाको रचनात्मक भूमिका खोजेको छ । यतिबेला सञ्चार माध्यमले निराश जनतालाई आशा र भरोसा जगाउने खालका सामग्री प्रस्तुत गरोस् भन्ने अपेक्षा सबैले गरेका छन् ।

समस्या मिडियाको विषयवस्तुमा मात्रै छैन, सञ्चालकको दृष्टिकोण र नियतमा पनि छ । कोभिड महामारीका बेला केही ठुला मिडियाले फ्रन्टलाइनमा रहेर काम गर्ने श्रमजीवी पत्रकारको श्रमशोषण गरेका घटना अहिले बाहिर आएका

छन् । पत्रकारहरूले ती मिडियाबाट पारिश्रमिक नपाएको उजुरी प्रेस काउन्सिल र पत्रकार महासङ्घलगायतका संस्थाहरूमा परेका छन् । सामान्य अवस्थामा समेत पत्रकारलाई पारिश्रमिक दिन कन्जुस्याइँ गर्ने व्यवस्थापन पक्ष, यस महामारीको बेलामा झनै निहुँ बनाउन पाएका छन् । विज्ञापन छैन भन्ने बहानामा श्रमजीवी पत्रकारलाई बेतलबी बस्न बाध्य पारिएको छ । महामारीको समयमा श्रमजीवी पत्रकारलाई जागिरबाट हटाइएको छ । यो कार्य अति निन्दनीय र अमानवीयताको पराकाष्ठा हो । पत्रकारिता पैसा र सञ्चालकको दिमागले मात्रै चल्ने पेसा होइन । पत्रकारिता, समूहमा बसेर काम गर्ने पेसा पनि हो । श्रमजीवीले वर्षौंदेखि ऊर्जाशील समय र श्रम लगानी गरेर मिडियालाई उचाइमा पुऱ्याएका हुन्छन् । समूहकै मिहिनेतबाट मिडियाको गरिमा र आर्थिक हैसियतसमेत बढेको हुन्छ । तर आम्दानी घट्दाको अवस्था पहिलो निसाना श्रमजीवी नै बन्छन् ।

यो महामारीको समयमा केही ठुला मिडियासहित अधिकाङ्शमा काम गर्ने श्रमजीवीको अवस्था टिठलाग्दो छ । श्रमजीवी पत्रकारलाई आर्थिक समस्याले पिरोलिरहेको छ । सङ्क्रमणका बेला फ्रन्टलाइनमा रहेर काम गर्नुपर्ने पत्रकार शारीरिक र मानसिक रूपले तनावग्रस्त छन् । श्रमजीवीलाई दैनिक गर्जो टार्ने समस्याले सताएको छ । आफू काम गर्ने सञ्चार माध्यमबाट श्रमजीवी पत्रकारले न कोरोना बिमा, न स्वास्थ्य सामग्री केही पनि नपाएको गुनासो गर्छन् । श्रमजीवीलाई दिनुपर्ने आवश्यक सामान्य सेवा सुविधासमेत नदिएको अवस्था छ । पछिल्लो तथ्याङ्कअनुसार कोभिड सङ्क्रमणका कारण २० जना पत्रकारको मृत्यु भइसकेको छ । ८७७ जना सङ्क्रमित भएका छन् ।

यस्तो अवस्थामा पनि अधिकाङ्श मिडिया सञ्चालकहरूको श्रमजीवीप्रति मानवीय पक्षलाई समेत ख्याल गरेको देखिँदैन । पत्रकारको मृत्युमा श्रद्धाञ्जलीका दुई थोपा आँसु चुहाउनेबाहेक केही भएको देखिँदैन । जीवनभर पारिश्रमिक नदिएर तड्पाउने कतिपय सञ्चालकहरूले मृत्युपछि भने पुरस्कार राखेको समेत देखिन्छ ।

पत्रकारिता पेसालाई निहित स्वार्थपूर्ति गर्ने माध्यम बनाइनु हुँदैन । कसैले राजनीतिक स्वार्थ त कसैले व्यापारिक स्वार्थ पूरा गरेको भन्ने गुनासो पनि सुनिन्छ । स्वार्थ पूरा गर्नका लागि श्रमजवी पत्रकारलाई माध्यम बनाइएको छ । कुनै दल, सरकार प्रमुख र राष्ट्रप्रमुख विरुद्धको समाचारका लागि श्रमजीवीको प्रयोग गरिन्छ । विभिन्न दल, व्यापारी माफिया र सरकारले पनि पत्रकारको काँधमा बन्दुक राखेर प्रहार गर्ने गरिएको देखिन्छ । नियन्त्रित पत्रकारिताभित्र स्वतन्त्रता खोज्ने प्रयास भएको छ ।

पत्रकारितामा श्रमजीवीका मुद्दा पेचिलो बन्दै गएको छ । २०५१ सालमा बनेको श्रमजीवी ऐन कार्यान्वयन हुन सकेको छैन। सरकार, मिडिया व्यवस्थापक, पत्रकारसम्बद्ध संस्थाले श्रमजीवीका मुद्दालाई प्राथमिकतामा पार्नेभन्दा पनि व्यवसायीको पक्षपोषण गर्ने काम गर्दै आएका छन् । यसबाट श्रमिकले थप पीडा झेल्नुपरेको छ ।

सरकारबाट श्रमजीवी पत्रकारले धेरै आशा गरेका छन् । यस पटकको बजेटले पत्रकार र पत्रकारिता क्षेत्रका समस्यालाई केही हदसम्म सम्बोधन गर्ने प्रयास गरेको छ। केही कर्पोरेट मिडियाले गरेको षड्यन्त्रपूर्ण हर्कत हेरेर राज्यले सबै पत्रकारलाई अर्कै नजरले हेर्न मिल्दैन किनभने राज्य सबैको अभिभावक हो । अन्ततोगत्वा राज्यका सबै अङ्गमा भएको बेथितिलाई सन्तुलित ढङ्गबाट उजागर गर्ने काम राज्यको चौथो अङ्ग यानि पत्रकारले गर्दै आएका छन् । त्यसकारण नागरिकको अभिव्यक्ति स्वतन्त्रता मुखरित गर्ने पत्रकारिताको माध्यमबाट नै हुन्छ । श्रमजीवीको आर्थिक सङ्कुचनले पनि स्वस्थ्य, सन्तुलित, व्यवस्थित र मर्यादित पत्रकारिता नियन्त्रित हुन पुग्छ । स्वतन्त्रता नियन्त्रित पत्रकारिताले पेसागत धर्म, मर्मलाई आत्मसात् गर्न सकेको हुँदैन । पत्रकारिता पेसालाई सबैले स्वतन्त्र निष्पक्ष र मर्यादित बनाउने प्रयास गरौँ ।